बैठक संख्या : ९२
मिती : २०७८।०४।१५ गते

स्थान : राप्ती नगरपालिका
समय : दिउसो ३: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)
नगर उपप्रमुख श्री इमान सिंह लामा
वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
वडाध्यक्ष वडा नं ३ ~~श्री राज कुमार उप्रेती~~ का.वा. वडाध्यक्ष श्री सागर राई
वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा
वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक
वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
का.वा. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य
वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा
वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ
का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा
वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ
सदस्य श्री पुष्पा के.सी. कुवर
सदस्य श्री दिल कुमारी लामा
सदस्य श्री कविता राई
सदस्य श्री रमिता परियार
सदस्य श्री श्यामलाल वि.क.
सदस्य श्री आइती देवी दराई
सदस्य श्री अम्विका लामा
सदस्य श्री पहलमान प्रजा
प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव
आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.
लेखा अधिकृत – श्री गोपाल तिवारी
प्रशासकीय अधिकृत श्री शारदा देवी शर्मा
प्रशासकीय अधिकृत श्री मुक्ति पौडेल
पूर्वाधार शाखा प्रमुख श्री सन्दिप ओझा
क.अ. श्री सुरेश चौलागाई
लेखापाल श्री रवीन्द्र प्रसाद पाठक

बैठक संख्याः ९२

मिति २०७८।०४।१५

**प्रस्तावहरुः**

१. नगर दर रेट पारित सम्बन्धमा।
२. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
३. नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।
४. अविरल बर्षातका कारण भुक्तानी भए/नभएका योजनाहरुमा क्षति हुन गएको सम्बन्धमा।
५. योजना संशोधन र म्याद थप सम्बन्धमा।
६. वडा नं ९ र १२ मा चट्याङ् र पहिरोका कारण ज्यान गुमाएकाहरुको परिवारमा राहत दिने सम्बन्धमा ।
७. वडा नं ५ चौकीडाडाँमा भएको आगलागीमा क्षति पुगेको परिवारलाई राहत दिने सम्बन्धमा।
८. समिक्षा बैठक राख्ने सम्बन्धमा।
९. सार्वजनिक सूनुवाई गर्ने सम्बन्धमा।
१०. श्री ग्रुप डिप बोरिङ्ग जल उपभोक्ता समिति दर्ता अनुमति सम्बन्धमा ।
११. मौज्दात बजेटबाट सञ्चालन गर्नुपर्ने योजना सम्बन्धमा ।
१२. स्वास्थ्य शाखाले पेश गरेका प्रस्तावहरु स्वीकृति गर्ने सम्बन्धमा।
१३. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न स्वीकृतिको लागि TOR पठाउने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा विभिन्न मितिमा बसेको नगर दर निर्धारण समिति तथा उपसमितिले आ.व. २०७८।०७९ को रासी नगरपालिकाको नगर दररेट सम्बन्धमा छलफल गरी सिफारिस गरेको दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सुरक्षित नागरिक आवासमा छनौट भएका लाभग्राहीहरुसँग सम्झौता गर्न बाँकी रहेका वडाहरुले तत्काल सम्झौता गर्ने गराउने, खाता खोल्ने र सम्झौताको प्रति, नागरिकता प्रति, जग्गाधनी प्रमाणपूर्जा, बैंक खाताको विवरण, बसोबास प्रमाणित लगायत आवश्यक कागजात पूरा गरी नगरपालिकामा पठाउनुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७८।०४।१४ गते बसेको नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

बैठक संख्याः ९२ मिति २०७८।०४।१५

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यही मिति २०७८ असार १७ को अविरल वर्षाका कारण निर्माण कार्य सम्पन्न भएपश्चात क्षति भएका भुक्तानी हुन बाँकी तपसिलका योजनाहरु र भुक्तानी भइसकेका योजनाहरुको प्रहरी मुचुल्का, वडाको सर्जिमन मुचुल्का र सिफारिस सहितको क्षतिको पूर्ण विवरण १० दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

**भुक्तानी हुन बाँकी योजनाहरुको विवरण**

१. जरुवा कुलो मुहान मर्मत, राप्ती-९, चितवन ।
२. डाँडागाउँ पुल मर्मत, राप्ती-९, चितवन ।
३. कालीखोला ह्युमपाइप, राप्ती-१०, चितवन ।
४. सभ्य युवा समाज खेल मैदान, राप्ती-१०, चितवन ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७७।०७८ मा अन्तिम अवस्थामा आवश्यकताको आधारमा वडाबाट संशोधनको लागि सिफारिस भइ आएका तपसिलका योजनाहरुको संशोधन अनुमोदन गर्ने निर्णय गरियो । साथै कोभिडको कारण निषेधाज्ञा भई निर्माण सामाग्री र श्रमिकको अभावको कारण कार्य गर्न कठिनाई परेको भनी उपभोक्ता समिति तथा ठेकेदारहरुबाट म्याद थपको लागि निवेदन प्राप्त भएकोमा र हालसम्म पनि कोभिडको विभिन्न भेरियन्ट देखिएकोले गुणस्तरयुक्त कार्य गर्ने वातावरण नरहेको वास्तविकता देखिएकोले एकमुष्ट २०७८ पौष मसान्त सम्म योजना तथा ठेक्का म्याद थप गरी सो बमोजिमको तत् तत् निकायबाट बजेट माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविक योजनाको नाम | रकम रु. | वडा नं | संशोधित योजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | घरभाडा २८१४२ | १८८६६ | ३ | पानी बजुली | १३६६ |
| २ | घरभाडा २८१४२ | १७५०० | ३ | सञ्चार | ५२०० |
| ३ | इन्धन | | ५ | विविध (रेनकोट खरिद ) | ३६००० |
| ५ | चेपाङ दलित तामाङ २२५२२ | २५०००० | ५ | लक्ष्मण महतोको गोठमा जस्ता | २०००० |
| ६ | फोर गुरप खोल्सी तटबन्धन ३११५४ | १००००० | ७ | वाडीले क्षेती पुर्‍याएको शान्ती टोल बाटो निर्माण | १००००० |
| ७ | नयाँ सृष्टी मार्ग उच्चस्तरीय ग्रावेल ३११५१ | ५००००० | ७ | अमृतपानी खानेपानी | ५००००० |
| ८ | दैनिक भ्रमण भत्ता २२६१२ | २५०००० | १२ | विपतमा त्रिपाल खरिद | ९८६० |
| | | | | खाद्यान्न | २८९६० |

बैठक संख्याः ९२ मिति २०७८।०४।१५

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा असार १७ गते परेको अत्याधिक वर्षाका कारण पहिरोमा परी वडा नं. १२ का मोतीलाल प्रजाले ज्यान गुमाएका र सोही वडाका कृष्ण प्रसाद प्रजा, एलिसा प्रजा र एन्जिला प्रजा बेपत्ता भएकोमा मृतक मोतीलाल प्रजाका तीन छोरालाई जनही रु. २५,०००।- का दरले कूल ७५,०००।— साथै वडा नं. ९ मा चटयाङ लागि मृत्यु भएकी बिजुलीमाया श्रेष्ठको परिवारलाई रु.२५,०००।— र बाढीका कारण दुर्घटनामा परी मृत्यु भएका वडा नं. ६ निवासी विरबल प्रजाको परिवारलाई २५,०००।— राहत रकम उपलब्ध गराउने निर्णय गरियो । साथै मृतकलाई हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७८ साउन ५ गते राप्ती-५ स्थित चौकीडाँडामा आगलागीबाट पूर्ण क्षति भएका ३ घरलाई सम्भव भएसम्म विपद्को रु. ४ लाखको प्याकेज अनुसार संघको ५० प्रतिशत, प्रदेशको ३० प्रतिशत र स्थानीय तहको २० प्रतिशत साझेदारीमा पुनर्निमाण गर्ने व्यवस्थाको लागि पहल गर्ने र सो सम्भव नभएमा पनि राहतस्वरुप नगरपालिकाबाट पूर्ण क्षति भएका तीन घरलाई एकमुष्ठ रु. १,००,०००।— (अक्षरेपीः एक लाख रुपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक वर्ष २०७७।०७८ मा भएका कामहरुको प्रगति, सबल पक्षहरु एवम् सुधार गर्नुपर्ने पक्षहरु समेतको छलफल गर्ने गरी २०७८ भदौ महिनाभित्र वडाअध्यक्ष, कार्यपालिका सदस्य, सल्लाहकार, समाजसेवी लगायतको उपस्थितिमा समीक्षा बैठक राख्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सूचनाको हकसम्बन्धी ऐन २०६४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको प्रावधान अनुसार आर्थिक वर्ष २०७७।०७८ मा भएका विकास निर्माण तथा क्षेत्रगत कामहरु र आय व्ययको सार्वजनिकीकरण एवम् सर्वसाधारण जनताका जनगुनासोको सुनुवाईको लागि २०७८ भदौ महिनाभित्र सार्वजनिक सुनुवाई कार्यक्रम राख्ने निर्णय गरियो ।

बैठक संख्याः ९२ मिति २०७८।०४।१५

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा रासी-८ मा रहेको श्री ग्रुप बोरिङ्ग जल उपभोक्ता समितिलाई बत्ती जडानको लागि नगरपालिकामा दर्ता भएको प्रमाणपत्र आवश्यक परेको भनी दर्ताको लागि निवेदन दिएको र हालसम्म सो प्रकृतिको उपभोक्ता समिति दर्ताको लागि मौजुदा नियम, कार्यविधि, कानून नबनिसकेको हुँदा समितिको वस्तुगत परिस्थितिलाई बुझी तत्कालको अवस्थामा बत्ती जडानको कार्यलाई सहजता पुऱ्याउने गरी दर्ता अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. २०७६।०७७ र २०७७।०७८ मा सम्झौता भै सञ्चालनमा आएका तर सम्पन्न भइनसकेका तपसिलका योजनाहरुलाई मौज्दातबाट सञ्चालन गर्ने, भुक्तानी हुन बाँकी योजनाहरुको भुक्तानी र साविकको बजेट शीर्षकबाट रकम परिवर्तन गरी तालिका नं. ३ अनुसार कायम गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।साथै आ.व. २०७६।०७७ र २०७७।०७८ मा सम्झौता भै सञ्चालनमा आएका तर बिशोब्यपी कोरोना भाइरसको कारण जनशक्ति तथा निर्माण सामग्रीको चरम अभावका कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका (ठेक्का र उपभोक्ता समिति दुबै) आयोजनाहरुको म्याद सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ (२) र सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२० (२) (ग) बमोजिम र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०५/०३ को बैठकबाट कोभिड-१९ का कारण समयमा सम्पन्न हुन नसकेका खरिद सम्झौताको म्याद बढीमा २०७८ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय भय बमोजिम यस रासी नगरपालिकाको हकमा २०७८ पौष मसान्तसम्म एक मुष्ट म्याद थप गरी कार्यन्वयन गर्ने निर्णय गरियो।

तालिका नं. १ मौज्दात बजेट बाट सञ्चालन हुनुपर्ने तथा म्याद थप भएका योजनाहरु समेत

| सि.न | योजनाको नाम | रकम रु |
|---|---|---|
| १ | वडा न.१ कार्यालय भवन | ३०००००० |
| २ | वडा न.१२ कार्यालय भवन | ५५००००० |
| ३ | वडा न.६ कार्यालय भवन | ४०००००० |
| ४ | वडा न.११ कार्यालय भवन | ३०००००० |
| ५ | नगर प्रशासनिक भवन | ३०००००० |
| ६ | सिटिहल | ४०००००० |
| ७ | अकलादेवी, मिलन टोल सुरदुवी मार्ग कालोपत्रे वडा नं २ | २२००००० |
| ८ | किरातेश्वर चौकी मार्ग कालोपत्रे | ५००००० |

| | | |
|---|---|---|
| ९ | शिवपुरी मार्ग कालोपत्रे वडा नं ४ | १०००००० |
| १० | प्रेमवस्ती कालोपत्रे वडा नं ४ | ७००००० |
| ११ | भवानिपुर कालोपत्रे वडा नं ४ | ९००००० |
| १२ | शहिद मार्ग कालोपत्रे वडा नं ४ | ८००००० |
| १३ | प्रयासमार्ग कालोपत्रे वडा नं ४ | ६००००० |
| १४ | आवधिक योजना | ५००००० |
| १५ | भू जोखिम नक्सांकन | ५००००० |
| १६ | डोङराङहुदै स्याङराङ ट्याक निर्माणवडा न१३ | १७००००० |
| १७ | वातावरण परिक्षण | १०००००० |
| १८ | रामपुर टाँडी सिंचाई कुलो मर्मत | १०००००० |
| १९ | सि.सि.टि.भी. जडान | ११००००० |
| २० | स्वर्गद्वारी र सहिद विनोद मार्ग कालोपत्रे वडा नं ३ | २१००००० |
| २१ | नगर गुरुयोजना | २०००००० |
| २२ | अभियान चोकदेखि डुम्रेघारी बाटो कालोपत्रे संगम मार्ग,संघम मार्ग वडा नं ७ | ३२००००० |
| २३ | विपत व्यवस्थापन गण | १३०००० |
| २४ | चार किल्ला कृषक समूह कागती पकेट क्षेत्र वडा नं १० | १५०००० |
| २५ | नियन्त्रण विन्दु स्थापना गर्न जि.डी.पि.एस सर्भे | ४७८५५५ |
| २६ | मित्र मण्डली चर्च शौचालय वडा नं १२ | १००००० |
| २७ | महाकाली देवी कम्पाउण्ड वाल निर्माण वडा नं ३ | ७००००० |
| २८ | खहरे खोलागेगरी टोल ग्राबेल वडा नं ५ | १५०००० |
| २९ | चौकीडाडा वेल्डीया गाँउमा ग्रावेल वडा नं ५ | ५००००० |
| ३० | मगर समाज भवन अगाडि सडक कालोपत्रे वडा नं ७ | ५००००० |
| ३१ | वडा नं.२ कार्यालय भवन दोस्रो फेज | ८५०००० |
| ३२ | पिप्ले स्वास्थ्य चौकी भवन वडा नं २ | २१००००० |
| ३३ | वडा नं ३ कार्यालय अगाडी खाल्डो पुर्ने काम | १०५०००० |
| ३४ | राधाकृष्ण मन्दिरमा गाईको प्रतिमा र भान्सा घर निर्माण वडा नं ७ | २५५००० |
| ३५ | दिलबहादुर प्रजाको घर अगाडी ग्यावीयन जाली तटबन्धन | १००००० |
| ३६ | सीक्स ग्रुपको सिरान घर देखि बागदेवी मन्दिर जाने सडक कालोपत्रे वडा नं ७ | ५००००० |
| ३७ | चुवा खोलातटबन्धन वडा नं ७ | ४९१८२१.२० |
| ३८ | गोन्वाङ कृषि सडक वडा नं १२ | ३२०००० |
| ३९ | तिगसारंग तटबन्धन निर्माण आयोजना वडा नं १२ | २००००० |
| ४० | पर्खाल खानेपानी आयोजना वडा नं १२ | ४००००० |

बैठक संख्याः ९२ मिति २०७८।०४।१५

| | | |
|---|---|---|
| ४१ | नयाँ सृष्टी मार्ग वडा नं ७ | ५००००० |
| ४२ | शान्ती टोल तटबन्धन वडा नं ७ | १००००० |
| ४३ | कृष्णप्रसाद ढकालको घरदेखिको बाटो वडा नं ८ | १००००० |
| ४४ | दाहसंस्कार मार्ग ग्राबेल वडा नं ९ | ३००००० |
| ४५ | जिम्लिङ कालीका मन्दीर निर्माण वडा नं ११ | ३५०००० |
| ४६ | गौरवको योजना टनेल निर्माण वडा नं ११ | २५००००० |
| ४७ | महाकाली मन्दिर वाल वडा नं २ | ५०००० |
| ४८ | सिचाईको लागि बोरिङ वडा नं ९ | १८००००० |
| ४९ | टिकास्वरी आ.वि. वडा नं १३ | १००००० |
| ५० | थाकलटार हात्तीसार बाटो वडा नं ११ | २००००० |
| ५१ | गंगटे खोला कल्भर्ट वडा नं ८ | २५०००० |
| ५२ | शौचालय निर्माण दलित कार्यक्रम | २००००० |
| ५३ | वडा कार्यालय वरीपरी ग्राबेल वडा नं ८ | १५०००० |
| ५४ | भिमसेन स्थान मार्ग निर्माण वडा नं ९ | १९५०००० |
| ५५ | बह्मनगर मा.वि. खेल मैदान वडा नं ८ | ३९०००० |
| ५६ | लालपुर खोला तटबन्धन वडा नं ९ | १६००००० |
| ५७ | ब्रह्मनगर स्ल्याब वडानं ८ | ११६५००० |
| ५८ | ढुङवाङ आ.वि वडा नं १३ | ९६००० |
| ५९ | जेपी टोलमा नाला सरसफाई वडा नं ६ | १८०००० |
| ६० | कृष्ण प्रसादको जग्गामा बोरिङ वडा नं ७ | ८०००० |
| ६१ | लदरी खोला खोल्न वडानं ९ | ४२०००० |
| ६२ | राधाकृष्ण मन्दिर वडानं ७ | २५५००० |
| ६३ | पम्फा खोला तटबन्धन वडा नं ६ | ५५०००० |
| ६४ | कल्पना परियारको घरनजिक वडा नं ९ | १५५००० |
| ६५ | सिस्थानी बगर कुलो वडानं. १ | ८०००० |
| ६६ | शिवपुरी मार्ग वडा नं. ४ | १२०००० |
| ६७ | सरिता गिरीको घर मर्मत वडा नं ५ | २५००० |
| ६८ | कालीखोला कुलो मर्मत वडा नं १० | २३८००० |
| ६९ | गुम्बामार्ग बाकी कार्य ढलान वडा नं ४ | १७०००० |
| ७० | लखेश्वर सिचाई वडा नं १ | १८००० |
| ७१ | एकल विपन्न महिला आय आर्जन | १०००००० |
| ७२ | होमस्टेको लागि जस्तापाता वडा नं १० | १२०००० |

| | | |
|---|---|---|
| ७३ | सभ्य युवा समाजको खेल मैदान वडा १० | १५०००० |
| ७४ | काली खोला ह्यूम पाइप वडा नं १० | ५००००० |
| ७५ | जरुवा कुलोवडा नं ९ | ४६०००० |
| ७६ | डाडागाँउ पुल मर्मत वडा नं ९ | ३५०००० |
| ७७ | महाकाली मन्दिर व्यवस्थापन वडा नं ३ | ७००००० |
| ७८ | रक्तदान उत्प्रेणा कार्यक्रम वडा नं १ | १००००० |
| ७९ | मिलन मार्ग बाटो निर्माण वडा नं ८ | ६००००० |
| ८० | गोन्वाङ बाटो निर्माण वडा नं १२ | २८०६६८ |
| ८१ | वासवाङ हे.पो. वडा नं१३ | ४४५०९६ |
| ८२ | कालीटार हे.पो वडा नं१३ | २६७६४७ |
| ८३ | माङसाराङ सिचाई वडा नं१३ | ८८८६९ |
| ८४ | जिवन ज्योती सामुहिक कृषि वडा नं वडा नं १ | १२०००० |
| ८५ | खेल मैदान सम्याउने वडा नं ६ | १००००० |
| ८६ | हेब्रन चर्च वडा नं ८ | ९८००० |
| | **जम्मा** | ७०७४७६५६.२० |

नोट : उल्लेखित योजनाहरु मध्ये केहि योजनाको खरिद म्याद समाप्त नभएको तर मौज्दात बजेटबाट कार्यन्वयन हुने समेत समावेश भएको छ।

## तालिका नं. २ भुक्तानी दिन बाँकी योजनाहरुको विवरण

| सि.नं. | योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | फुलौरया प्रतिक्षालयबाट उत्तर तर्फ बाटो मर्मत ग्रावेल वडा नं ६ | १३०००० |
| २ | खहरे नहर कुलो कंक्रिट नाला निर्माण वडा नं ५ | ३८०००० |
| ३ | ग्राभेल मर्मत निर्माण उपभोक्ता समिति वडा नं ६ | ५००००० |
| ४ | दियालो पशुपन्छी तथा कृषि फर्म निर्माण वडा नं ४ | १५०००० |
| ५ | गाइको गोठ निर्माण( देवी तामाङ) वडा नं ६ | ५०००० |
| ६ | गाइको गोठ निर्माण (विमला तामाङ) वडा नं ६ | ५०००० |
| ७ | मिलीजुली सिंचाई स्यालो बोरिङ वडा नं ८ | ५८२०० |
| ८ | शिशिरमार्ग ग्राभेलिङ वडा नं ८ | २२०००० |
| ९ | अक्यूट नेपाल प्रा.लि. वडा नं ६ | ३३८८८९ |
| १० | सूर्यमार्ग ग्राभेलिङ वडा नं ६ | ४२०००० |
| ११ | लेखक मार्ग ग्राभेल वडा नं ८ | १५०००० |

| | | |
|---|---|---|
| १२ | खयरघारी पुल कल्भर्ट निर्माण वडा नं १ | ३८५००० |
| १३ | ईश्वरी घिमिरेको एक दिने घर निर्माण वडा नं १ | १००००० |
| १४ | जेपी पार्क निर्माण वडा नं ६ | ५००००० |
| १५ | सरिता गिरीको घर मर्मत वडा नं ५ | २५००० |
| १६ | खडानन्द अर्यालको इनारमा मोटर खरिद वडा नं ७ | ९७००० |
| १७ | बासुरी मार्गमा चारथान समेत नौ थान पोल सार्ने वडा नं ५ | १०१७०० |
| १८ | श्रीजनमुखी वहुउद्देश्यीय सहकारी संस्था लि. वडा नं ६ | ५००००० |
| १९ | श्रेष्ठ फर्निसिङ खैरहनी ८ वडा नं ३ को फर्निचर | १६५७७४ |
| २० | लदरी खोला थप कटान रोकथाम वडा नं.९ | ४२०००० |
| २१ | पाकरीवास पुल वरिपरी कटान नियन्त्रण वडा नं ९ | २८५८२ |
| २२ | चारकिल्ला स्वास्थ्य चौकी भवन निर्माण वडा नं १० (जिसस) | ४७२३७६ |
| २३ | पिप्ले स्वास्थ्य चौकी भवन निर्माण वडा नं २ (जिसस १० लाख) | ६६६६६७ |
| २४ | काशिरुपा आ.वि. वडा नं ४ (जिसस ६ लाख) | ४००००० |
| २५ | वडा नं २ नयाँ भवनमा सर्दा फर्निचर खरिद | ५००००० |
| | जम्मा | ६८०९१८८ |

## तालिका नं. ३ साविकको बजेट शीर्षकमा कायम गर्नुपर्ने विवरण

| क्र.सं. | योजना विवरण | रकम रु. |
|---|---|---|
| १ | समपूरक योजना | २००००००० |
| २ | विपन्नलाई आवास कार्यक्रम | ३०३९०१६ |
| ३ | महिला तथा बालबालिका | २०००००० |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा रासी नगरपालिकाको स्वास्थ्य शाखाले पेश गरेका निम्न प्रस्तावहरुलाई स्वीकृति तथा अनुमोदन गर्ने निर्णय गरियो।

(१) रासी नगरपालिकाको स्वास्थ्य शाखाले आफ्नो शाखामा आ.व. २०७८।०७९ मा संघीय सशर्त बजेट तर्फबाट पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेसन एवं गुणस्तर सुधार साथै चौमासिक एवं वार्षिक समीक्षा शीर्षकमा व्यवस्था भएको बजेटबाट सञ्चालन गर्नुपर्ने मासिक समीक्षा बैठक, गोष्ठी सञ्चालनको क्रममा संघीय कार्यक्रमको नर्म्स अनुसार तपसिल बमोजिमको भत्ता तथा कार्यक्रम खर्च स्वीकृतिको लागि स्वास्थ्य शाखा मार्फत् पेश हुन आएकोमा सोलाई स्वीकृत गर्ने निर्णय गरियो ।

बैठक संख्याः ९२ मिति २०७८।०४।१५

तपसिल

१. सहभागी भत्ता प्रति कार्यक्रम प्रति सहभागी रु. ७००।— (दैनिक भ्रमण भत्ता नपाउनेको हकमा)

२. सहभागी दैनिक भ्रमण भत्ता तथा यातायात खर्च नियमानुसार (दैनिक भ्रमण भत्ता पाउनेको हकमा)

३. कार्यालय सहयोगी सहभागी प्रति व्यक्ति रु.१५०।— का दरले ।

४. चिया खाजा खर्च बापत प्रति व्यक्ति प्रति कार्यक्रम रु.२००।- का दरले ।

५. स्टेशनरी प्रति सहभागी प्रति कार्यक्रम रु.५०।— का दरले ।

६. कार्यक्रम सामाग्री खर्च रु.१५००।— प्रति कार्यक्रम (आवश्यकता अनुसार)।

७. कार्यक्रम विविध खर्च रु.१०००।— प्रति कार्यक्रम (आवश्यकता अनुसार)

(२) नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५१, मिति २०७७।०५।२३ को पत्र साथै स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार कोभिड अस्थायी अस्पतालमा करारमा जनशक्तिको व्यवस्था गर्न बजेट प्राप्त भएकोमा सोही निर्देशिकाको बुँदा नं. ४ मा भएको व्यवस्था बमोजिम तत्काल कर्मचारी करारमा लिनुपर्ने नभएमा अस्पतालको लागि आवश्यक औजार उपकरण खरिद गर्न सकिने प्रावधान अनुरुप यस पालिकामा सञ्चालित अस्थायी अस्पतालमा करारमा जनशक्ति पदपूर्ति नगरिएको हुँदा तपसिलका स्वास्थ्य सामाग्री खरिद गरिएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | सामानको नाम | परिमाण |
|---|---|---|
| १. | Baby Warmer | २ थान |
| २. | Shalter Scale (Pan Scale) | ६ थान |
| ३. | Infant Dopler | ४ थान |
| ४. | Bathroom Scale | ३ थान |

निर्णय नं. १३

यस पालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुलाई नदीजन्य पदार्थको अति आवश्यक रहेको र नगरभित्रका सबैजसो खोलानाला मध्यवर्ती क्षेत्रमा पर्ने भएकोले नगरमा सञ्चालन हुने विकास निर्माणका आयोजनाको लागि आवश्यक पर्ने नदीजन्य पदार्थ लोथर खोलाबाट उत्खननका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न स्वीकृतिको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा TOR सहित पठाउने निर्णय गरियो ।